# महामारीहरू



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:**
*प्रस्थान ७:८-१०:२९; गन्ती ३३:४; रोमी १:२४-३२; भजनसंग्रह १०४:२७, २८; यशैया २८:२, १२-१७; यशैया ४४:९, १०, १२-१७।*

**याद गर्नुपर्ने पद: "फारोको हृदय कठोर भयो, र परमप्रभुले मोशालाई भन्नुभएबमोजिम उनले इस्राएलीहरूलाई जान दिएनन्"** *(प्रस्थान ९:३५)*।

**एक जना** किसानीले आफ्नो गधालाई हिँडाउन प्रयास गरेको थियो। तर त्यो गधा त चल्दै चलेन। अनि उसले लट्ठी लिएर गधालाई पिट्न थाल्यो। अनि गधालाई कुरा गर्दा त्यो गधा हिँड्न थाल्यो।

एक जनाले त्यो कसरी काम गऱ्यो भनेर सोध्दा उसले जवाफ दियो, "अ, पहिला उसको ध्यान लिन सक्नुपर्छ।" पशुप्रति निष्ठुर व्यवहार गर्नु आपत्तिजनक भए तापनि यस कथामा केही सार छ। विशेष गरेर प्रस्थानको पुस्तकमा हिब्रूहरूको सन्दर्भमा हामी यो हेर्न सक्नुपर्छ। परमेश्वरका प्रख्यात वचन लिएर मोशालाई अगाडि बढ्न उहाँले हुकुम गर्नुभएको

थियो। फारोकहाँ गएर उनले भन्नुपरेको थियो, "मेरा मानिसहरूलाई जान देऊ! *shalach et ami*"

तर फारोले परमेश्वरका जनहरूलाई जान दिँदैन। फारोले किन हिचकिचाए भनेर बाइबलले हामीलाई कहीँ पनि बताएको छैन। हिब्रूहरूले मिश्रीहरूको विरुद्धमा जानेछन् कि भन्ने डर त तिनीहरूमा थियो *(प्रस्थान १:१०)*। विशेष गरेर दासत्वको मामिलामा आर्थिक कारणले जान नदिएको हुन सक्छ। तिनीहरू सस्तो मजदुरहरू थिए। ती मजदुरहरूले आर्थिक रूपमा मिश्रीहरूलाई फाइदा पुर्‍याएका कारणले तिनीहरूलाई जान दिन उनले चाहेका थिएनन्। त्यसैकारण, फारोको ध्यान तान्न मात्र होइन, उनको दिमाग नै परिवर्तन गर्न कठोरै भए तापनि केही कदम चाल्न आवश्यक भएको थियो।

# परमपिता सनातन सृष्टिकर्ता परमेश्वरको विपरित देवीदेवता वा भगवानहरू

पढ्नुहोस्: **प्रस्थान ७:८-१५ पढ्नुहोस्। हिब्रूहरूका परमेश्वर र मिश्रीहरूका भगवानहरूका बीचमा भएको पहिलो मुठभेडमा हामीले के पाठ सिक्न सक्छौं?**

___

___

वास्तवमा भन्ने हो भने, त्यस समयमा [वा अहिले पनि] हुने युद्धहरू जीवित परमेश्वर र मानव प्रतिस्थापित देवीदेवताहरूका बीचमा हुनेथियो [र भइरहेका छन्]। अझ झन् जटिल त फारो आफै भगवान भनेर दाबी गर्न पुगेका थिए। परमेश्वरले मिश्रीहरूसँग लड्नुभएन न त मिश्रीहरू उहाँसँग। तर मिश्रीहरूले पूजा गरेका १५०० भन्दा बढि देवी र देवताहरूसँग त्यो युद्ध थियो। बाइबलमा सटीक वा स्पष्ट रूपमा परमेश्वरले सम्बोधन गर्नुभएको लेखिएको छ, "मिश्रका सबै देवताहरूका विरुद्धमा म इन्साफ गर्नेछु। म परमप्रभु हुँ" *(प्रस्थान १२:१२)*। मिश्रबाट बाहिर यात्रा गरिरहेका इस्राएलीहरूलाई यो सुनाइएको थियो: "परमप्रभुले उनीहरूका देवताहरूको न्याय गर्नुभएको थियो" *(गन्ती ३३:४)*।

ती देवताहरूको विरुद्धमा गरेको न्याय मोशाले लट्ठीलाई सर्पमा परिणत गरेका आश्चर्य कामले देखाएको थियो *(प्रस्थान ७:९-१२)*। मिश्रदेशमा वाजेट नामक युरायस देवीलाई गोमन सर्प देवताको रूपमा पूजा गरिन्छ। मिश्रदेशको तल्लो उपत्यकामाथि सार्वभौम शक्ति देवी भनेर उनलाई मान्थे। फारोका मुकुटमा गोमन साँपको प्रतिक थियो। यसले उनमा शक्ति भएको, उनी भगवान भएको, राजा भएको र उनलाई भगवानबाट अधिकार दिइएको देखाउँछ। त्यस देवीले शत्रुहरूलाई आफ्नो विषले मार्छ भनेर विश्वास गरिन्थ्यो। पवित्र सर्पले फारोलाई उनको मृत्युपछि अगुवाइ गर्नेछ भनेर मिश्रीहरूले विश्वास गर्दथे।

जब हारूनको लट्ठीले जादुगर र तन्त्रमन्त्र गर्ने तान्त्रिकहरूका सर्पहरूलाई निले तब जीवित परमेश्वरको सार्वभौम सत्तालाई प्रकट गरिएको थियो। फारोको शक्तिको प्रतिकलाई जित्न मात्र नसकेको थिएन, मोशा र हारूनले ती सर्पहरूका पुच्छर पनि पक्रेका थिए *(प्रस्थान ७:१२, १५)*। यो सुरुको सामनाले मिश्रदेशमाथि परमेश्वरको शक्ति र प्रभुत्व भएको प्रदर्शन गरेको थियो। भगवान फारोमाथि नै परमेश्वरका प्रतिनिधि भएर मोशाको अधिकार र शक्तिलाई देखाएको थियो।

नेहेब्काउ ("आत्माहरूलाई नियन्त्रण गर्ने") भन्ने सर्प देवतालाई पवित्र, पूजा र आराधना गर्नुपर्ने भनेर पौराणिक मिश्रीहरूले विश्वास गरेको महत्त्वपूर्ण मान्नुपर्छ। यसरी परमेश्वरले ती मिश्रीहरूलाई यो सुनाउन चाहनुभएको थियो कि सर्प देवता होइन, उहाँ नै सार्वभौम शक्तिशाली परमेश्वर हुनुहुन्छ। त्यस प्रभावकारी कामले तिनीहरूले तुरुन्तै र स्पष्ट रूपमा परमेश्वरको अस्तित्वलाई बुझ्न सकेका थिए।

**हाम्रा जीवनमा रजाइँ गर्न खोज्ने कुनै पनि भगवानहरूमाथि परमेश्वरको सर्वोच्चतालाई हामी कसरी ठाउँ दिने?**

# कसले फारोको हृदयलाई कठोर पारे?

पढ्नुहोस्: **प्रस्थान ७:३,१३,१४:२२ पढ्नुहोस्। यी पदहरूलाई हामीले कसरी बुझ्ने?**

________________________________________

________________________________________

प्रस्थानको पुस्तकमा नौ पल्ट परमेश्वरले फारोका हृदय कठोर पार्नुभएको थियो भनेर उल्लेख गरिएका छन् *(प्रस्थान ४:२१; ७:३; ९:१२; १०:१, २०, २७; ११:१०; १४:४, ८; र रोमी ९:१७, १८ पनि हेर्नुहोस्)*। फेरि अर्को नौ पल्ट फारोले आफ्नै हृदय कठोर पारे भनेर लेखिएका छन् *(प्रस्थान ७:१३, १४, २२; ८:१५, १९, ३२; ९:७, ३४, ३५)*।

वास्तवमा कसले राजाको हृदय कठोर पारे—परमेश्वर वा फारो आफै?

दश वटा महामारीमा पहिलो पाँच वटा महामारीहरूमा फारो आफैले हृदय कठोर पारेका थिए भनेर लेखिएको छ। त्यसकारण, उनको हृदय कठोर पार्न उनैले सुरु गरेका थिए। अनि छैठौँ महामारी पछि परमेश्वरले उनका हृदय कठोर पार्नुभयो भनेर बाइबलमा उल्लेख गरिएको छ *(प्रस्थान ९:१२)*। यसको अर्थ यही हुन सक्छ कि *फारोको आफ्नै निर्णयले उनको हृदय कठोर पार्न परमेश्वरले अनुमति दिनुभएको थियो। यो काम परमेश्वरले गर्नुहुनेछ भने उहाँले मोशालाई भन्नुभएको थियो (प्रस्थान ४:२१)*।

अर्को अर्थमा भन्ने हो भने परमेश्वरले यसकारण महामारीहरू पठाउनुभएको थियो कि फारोले पश्चात्ताप गरून् र उनको अन्धकार र गलत सोच्ने दिमागबाट उनलाई छुटकारा पाऊन्। उनको खराब प्रवृत्ति वा आवेगहरूमा परमेश्वरले हस्तक्षेप गर्नुभएन वा उहाँले उनलाई परिवर्तन गर्नुभएन। परमेश्वरको नियन्त्रण गर्ने अनुग्रहविना उहाँले उनको आफ्नै दुष्टतामा उनलाई छोड्नुभएको थियो *(रोमी १:२४-३२)*।

फारोको आफ्नो आत्म-निर्णय गर्ने अधिकार थियो। उनलाई परमेश्‍वरको पक्षमा वा विपक्षमा निर्णय गर्ने स्वविवेकको स्वतन्त्रता दिइएको थियो।

यी पाठहरू स्पष्ट छन्। हामी सबै मानव प्राणीलाई ठिक र बेठिक, असल र खराब, आज्ञा मान्ने वा नमान्ने बीच रोज्ने अधिकार र सामर्थ्य सुम्पिएको छ। स्वर्गमै लुसिफरदेखि अदनमा आदम र हव्वासम्म, अनि फारो र आजसम्मका मानव प्राणीहरूलाई, जहाँ रहे तापनि जीवन वा मृत्यु रोज्ने अधिकार दिएको छ *(व्यवस्था ३०:१९)*।

उदाहरणमा: घ्यु र माटोमाथि घाम लाग्छ। घ्यु पग्लिन्छ र माटो कडा हुन्छ। दुवै मामिलामा घामको ताप एउटै हो। तर त्यस तापको प्रतिक्रियाहरू दुई फरक छन् र दुवै नतिजाहरू त्यसैअनुसार भएको छ। घामको असर वस्तुमा नै भर पर्छ। फारोको मामिलामा हामी भन्न सक्छौं कि उनको आफ्नै आत्म-निर्णयले परमेश्‍वर र उहाँका जनहरूप्रति उनले धारणा राख्न सकेका थिए।

**आज र भोलीमा तपाईंले के आत्म-निर्णय गर्ने अभिभारा लिनुभएको छ? जुन कुरो ठिक छ, त्यसलाई निर्णय गर्नुपर्दा त्यसलाई निर्णय गर्न तपाईं कसरी तयार हुनुहुने?**

# पहिला तीन महामारीहरू

दश महामारीहरू मिश्र देशका मानिसहरूलाई लक्षित गरेर परेका थिएनन् तर तिनीहरूका देवी र देवतालाई चुनौती दिएर ल्याइएका थिए। तिनीहरूका धेरै देवी र देवताहरूमध्ये दश महामारीहरूले दश देवताहरूलाई लक्षित गरेका थिए।

पढ्नुहोस्: **प्रस्थान ७:१४-८:१९ पढ्नुहोस्। ती महामारीहरूमा के भयो?**

____________________________________________

____________________________________________

फारोसँग कुरा गर्दा कठिन र असम्भवै हुने कुरो परमेश्‍वरले मोशालाई बताउनुभएको थियो *(प्रस्थान ७:१४)*। तैपनि फारो र मिश्रीहरूलाई परमेश्‍वरले आफ्नो बारेमा प्रकट गर्न चाहनुभएको थियो। त्यसकारण, तिनीहरूले बुझ्ने गरेर परमेश्‍वर तिनीहरूसँग संवाद गर्न चाहनुभएको थियो। परमेश्‍वर र मिश्रीहरूसँगको सामनाबाट हिब्रूहरूले पनि उहाँको बारेमा पाठ सिकेर फाइदा लिन सक्ने भएको थियो।

पहिलो महामारी तिनीहरूका देवता हापीलाई लक्षित गरिएको थियो। त्यो नाइल नदीको देवता थियो *(प्रस्थान ७:१७-२५)*। मिश्री देशको जीवन नाइल नदीको पानीमा भर परेको थियो। जहाँ पानी छ, त्यहाँ जीवन छ। पानी जीवनको स्रोत हो। त्यसकारण, तिनीहरूले हापी देवताको आविष्कार गरेका थिए र उसलाई जीवन उपलब्ध गर्ने देवता भनेर पूजा गर्दथे।

जीवित परमेश्‍वर मात्र जीवनको स्रोत हुनुहुन्छ। उहाँले पानी र खाना र सबै थोकको सृष्टि गर्नुभएको थियो *(उत्पत्ति १:१, २, २०-२२; भजनसंग्रह १०४:२७, २८; भजनसंग्रह १३६:२५; यूहन्ना ११:२५; यूहन्ना १४:६)*। पानीलाई रगतमा परिणत गर्नुको अर्थ जीवनबाट मृत्युमा परिणत गर्नु थियो। भगवान हापीले जीवन उपलब्ध गराएर मानिसहरूलाई सुरक्षित पार्न सकेका थिएनन्। यो त केवल प्रभुको शक्तिले मात्र उपलब्ध हुन्छ।

परमेश्वरले फारोलाई अर्को अवसर दिनुहुन्छ। यस समय भ्यागुता देवता हेकेटलाई पनि मुखामुखको सामना गरियो *(प्रस्थान ८:१-१५)*। नदीले जीवनको विपरित दियो। नाइल नदीबाट भ्यागुताहरू निस्के। यीदेखि सबै डराउँथे, यिनीहरूलाई घृणा गर्दथे र तिनीहरूबाट वाक्क हुन्थे। तिनीहरूलाई हटाउन चाहन्थे। जब भनेकै समयमा भ्यागुताको महामारी हटेको थियो, त्यसले त्यस महामारीको पछाडि परमेश्वर हुनुहुन्थ्यो भनेर देखाएको थियो।

तेस्रो महामारीको विवरण एकदम छोटो छ *(प्रस्थान ८:१६-१९)*। यहाँ हिब्रूमा *kinnim* लेखिएको छ। नेपाली बाइबलमा भुसुना भने तापनि त्यो के हो भनेर खास स्पष्ट छैन भुसुना, लामखुट्टे, जुम्रा वा चिलाउने किरा हुन सक्छ। यो मिश्रदेशको पृथ्वीको देवता गेबको विरुद्धमा थियो। परमेश्वरले नै पृथ्वीको धुलोबाट भुसुनाहरू उत्पादन गरेर मिश्रदेशभरि फैलाउनुभएका थिए। जादुगर र तान्त्रिकहरूले त्यो आश्चर्य कामको प्रतिलिपि गर्न सकेका थिएनन्। तिनीहरूले "यो त परमेश्वरकै हात हो" *(प्रस्थान ८:१९)* भनेर घोषणा गरे। तैपनि, फारो हल्लिन अस्वीकार गरे।

**फारोका हृदय कस्तो कठोर थियो, सोच्नुहोस्। परमेश्वरको आह्वानलाई बारम्बार अस्वीकार गर्दा उनी झन्-झन् कठोर भएका थिए। परमेश्वरको आवाजलाई निरन्तर रूपमा अस्वीकार गर्दा के हुनेरहेछ भनेर यस कथाले देखाउँछ?**

# झिङ्गा, पशुधन र खटिराहरू

पढ्नुहोस्: **प्रस्थान ८:२०-९:१२ पढ्नुहोस्। परमेश्वरले आफ्नो शक्ति र महिमाको जति भव्य प्रदर्शन गर्नुभए तापनि मानव प्राणीले उहाँलाई अस्वीकार गर्ने स्वतन्त्रता छ भनेर त्यस कथाले कसरी बताउँछ?**

____________________________________________

____________________________________________

मिश्रदेशको देवता युटचितचाहिँ झिङ्गा देवता थियो। उनी सिमसागर र दलदले हिलोको पनि देवता थियो। भगवान खेपरीलाई गोबर किराको टाउकोको चित्रण गरेको थियो। त्यो घाम, सृष्टि र पुनर्जन्मको देवता थियो। ती सबै देवी र देवताहरूलाई प्रभुले हराउनुभएको थियो। यस विवरणमा *(प्रस्थान ८:२०-२४)* जब मिश्रीहरूले दुःख पाएका थिए तब हिब्रूहरूलाई सुरक्षित गरिएको थियो। तिनीहरूलाई अरू कुनै महामारीले छोएको थिएन।

बारम्बार परमेश्वरले फारोलाई यो भन्न चाहनुभएको थियो कि उहाँ देशको बीचमा प्रभु हुनुहुन्छ *(प्रस्थान ८:२२)*।

अनि फारोले मोलतोल गर्न थाले। उनीमाथि दबाब आइरहेको हुनुपर्छ। उनले भने कि ठिक छ, इस्राएलीहरूले परमेश्वरको आराधना र होमबलि चढाउन सक्छन्, तर मिश्रदेशमा मात्रै *(प्रस्थान ८:२५)*। तर उनका शर्तहरू पूरा गर्न सक्दैनथ्यो किनकि मिश्रमा कतिपय पशुहरूलाई भगवान मानिन्थ्यो। यदि पशुहरूलाई बलि दिन थाल्यो भने हिब्रूहरूको विरुद्धमा हिंसा जागिन्थ्यो। अझ यो त परमेश्वरको योजना नै थिएन।

अनि अर्को महामारी *(प्रस्थान ९:१-७)* पशुधन वा बस्तुहरूमा पर्छ। देवी हाथोर देवीलाई गाईको टाउकोले चित्रण गरेको छ। उनी प्रेम र सुरक्षाका देवी थिइन्। साँढे देवता एपिस पौराणिक मिश्रमा धेरै लोकप्रिय थियो र अति सम्मान गरिन्थ्यो। यसरी पाँचौ महामारीमा जब बस्तुहरू मारिए तब थप देवी र देवताहरू हारेका थिए।

छैठौँ महामारी *(प्रस्थान ९:८-१२)*मा आइसिस देवीको पूरै हार भएको थियो। उनी औषधी, जादु, तान्त्रिक र ज्ञान बुद्धिका देवी थिइन्। युद्ध र महामारीकी देवी सेखमट र औषधी र निको पार्ने देवता इम्होटेप पनि परमेश्वरको अगाडि निरीह भएका देखाइको थियो। अचम्म त यो छ कि जादुगर, टुनामुना र तन्त्रमन्त्र गर्नेहरूलाई पनि महामारीको चपेटामा परेकोले तिनीहरू दरबारमा हाजिर हुन सकेनन्। स्वर्ग र पृथ्वीका सृष्टिकर्ताको सामु तिनीहरू निरीह भएका प्रमाणित गरिएको थियो।

दश वटा महामारीमा दशौँ महामारीको कथामा पहिलो पल्ट बाइबलले बताउँछ, “प्रभुले फारोका हृदय कठोर पार्नुभयो” *(प्रस्थान ९:१२)*। यो पद हाम्रो निम्ति अलमल भए तापनि यसले यो बताउँछ कि जब मानिसले निरन्तर रूपमा उहाँलाई अस्वीकार गर्छ तब त्यसको नतिजा उसले भोग्नैपर्छ।

**फारोको समस्या बौद्धिक स्तरको थिएन। उनले के ठिक रोज्नुपर्ने हो त्यसको निम्ति उनको अगाडि थुप्रै प्रमाण थियो। त्यो हृदय वा विवेकको समस्या थियो। हाम्रा दिल वा विवेकलाई किन सुरक्षित राख्नुपर्छ भनेर हामीलाई बताउँछ?**

# असिना, सलहहरू र अन्धकार

**पढ्नुहोस्: प्रस्थान ९:१३-१०:२९ पढ्नुहोस्। फारोको दिमागलाई परिवर्तन गर्ने ती महामारीहरूका प्रभाव कस्तो थियो?**

_______________________________________________

_______________________________________________

मिश्रदेशकी देवी नट आकाश र जगत्का देवी हुन् भनेर पूजा गरिन्थ्यो। आकाश र पृथ्वीमा जे हुन्छ त्यसको नियन्त्रण गर्ने ती देवी थिइन् भनेर विश्वास गरिन्थ्यो। ओसाइरस अन्न र सन्तान देवता थियो। बाइबलमा असिनालाई प्रायः जसो परमेश्वरको न्यायसँग चित्रण गरिएको छ *(यशैया २८:२, १७; इजकिएल १३:११-१३)*। यस महामारीमा जब सम्पत्ति सुरक्षित ठाउँमा राखिएको थियो, ती सुरक्षीत भएको थियो *(प्रस्थान ९:२०, २१)*। अहिले पनि प्रत्येक मानव प्राणीको परीक्षा गरिएको छ। के तिनीहरूले परमेश्वरका वचनलाई विश्वास गरेर त्यसैअनुसार चल्छन् कि चल्दैनन्, त्यो सबैले जवाफ दिनु जरुरी छ।

फारो बाँच्न दिनुको कारणचाहिँ सारा संसारले परमेश्वरलाई चिनून् भन्ने कारण हो भनेर परमेश्वरले घोषणा गर्नुहुन्छ *(प्रस्थान ९:१६)*। आफूले पाप गरेको छ भनेर राजाले स्वीकार गर्छन् तर पछि उसका मनलाई परिवर्तन गर्छन्।

मिश्रदेशका हुरी, बतास, लडाइँ र अव्यवस्थित कुराको भगवान सेथ थियो। आइसिस र सेथ दुवै जना खेतबारीका भगवानहरू भनेर मान्दथे। शुलाई वायु मण्डलको भगवान मानिन्थ्यो। अर्को देवता सरापिस थियो। त्यसलाई महाराजा, सन्तानेश्वर, निको पार्ने र मरेपछिको जीवन दिने भनेर पूजा गरिन्थ्यो। तर परमेश्वरको न्यायलाई कुनै पनि ती देवी र देवताहरूले रोकाउन सकेका थिएनन् *(प्रस्थान १०:४-२०)* किनभने मूर्ति त केही पनि होइन *(यशैया ४४:९, १०, १२-१७)*।

फारोका सेवकहरूले इस्राएलीहरूलाई जान दिनुहोस् भनेर अनुरोध गरेका थिए, तर उनले मानेनन्। आखिरमा उनले सम्झौता गर्न खोजे। केटाकेटी र स्त्रीहरूलाई नलैजानू भनेर फारोले भने; तर त्यसलाई मोशाले अस्वीकार गरेका थिए, किनकि आराधना र आस्थामा तिनीहरूका भूमिका उल्लेखनीय हुन्छ।

आखिरमा आएर सूर्य भगवान मानिने मिश्रदेशको मुख्य देवता रालाई चुनौती दिइन्छ, र थोथलाई पनि जो जुन देवता थियो। देश अन्धकार हुँदा दुवैले प्रकाश दिन सकेका थिएनन्। फारोले फेरि सम्झौता गर्न खोज्छन् तर सफल भएन। तिन दिनसम्म मिश्रदेशमा अन्धकार भएको थियो, तर इस्राएलीहरू रहेको ठाउँमा उज्यालो थियो। त्यो भिन्नता आफै भव्य थियो।

आफ्नो राष्ट्र जतिसुकै तहसनहस भए तापनि फारो लड्न निर्णय गरे र पछि हटेनन्। उनको नियतको गहिराइ हामीलाई थाहा त छैन, तर उनको अभिमान नै उनको निम्ति ठुलो थियो। जतिसुकै शक्तिशाली प्रमाणहरू भए तापनि, जे भइरहेको छ सो स्पष्ट देखिए तापनि, र भारदारहरूले यसो भन्दै गुनासो व्यक्त गरे तापनि, "कहिलेसम्म यो मानिस हाम्रा लागि पासो बन्ने? ती मानिसहरूलाई तिनीहरूका परमप्रभु परमेश्वरको आराधना गर्नलाई जान दिनुहोस्। मिश्रदेश नष्ट भइसक्यो भन्ने के हजूरलाई थाहा छैन?" *(प्रस्थान १०:७)*, फारो आफ्नै ठाउँमा अडिग भएर परमेश्वरको चाहनालाई समर्पण गर्न उनले अस्वीकार गरे र मानिसहरूलाई जान दिएनन्। उनको अगाडि के ठिक निर्णय गर्नुपर्ने हो त्यसलाई अस्वीकार नै गरिरहे। यो केही हदमा हामीलाई अचम्म त लाग्छ नै।

"सर्वनाशको अघि अभिमान र पतनको अघि घमण्डी वा हठी मिजास आउँछ" *(हितोपदेश १६:१८)* भन्ने कथनलाई नाटकिय रूपमा पुष्टि भइरहेको थियो।

**थप जानकारी:** एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस*को पृ. २६५-२७२को “द प्लेगस् अभ इजिप्ट” भन्ने अध्याय पढ्नुहोस्।

“मोशाका जनहरूले मिश्रीहरूका देवताहरू कतिको कठोर र निष्ठुर थिए भनेर हेर्न अनुमति दिइएको थियो ताकि ती जनहरू मूर्तिपूजाका पतित प्रभावहरूमा तिनीहरू नफसून्। फारोसँगको कारोबारमा प्रभुले मूर्तिपूजादेखि उहाँको घृणा देखाउनुभएको थियो। निष्ठुर र दमनकारीहरूलाई दण्ड दिने उहाँको निर्णयलाई पनि उहाँले प्रकट गर्नुभएको थियो। फारोको हृदयलाई कठोर पार्न कुनै अलौकिक शक्तिको प्रयोग गरिएको थिएन। परमेश्वरले आफ्नो शक्तिलाई फारोका सामु अत्यन्तै उल्लखनीय, शानदार र असाधारण शक्ति देखाउनुभएको थियो। तैपनि उनले पाएको आत्म-ज्ञानको ज्योतिलाई उनैले निभाए। परमेश्वरको अलौकिक शक्तिको प्रत्येक प्रदर्शनलाई उनले अस्वीकार गरेका थिए। त्यसको फलस्वरूप उनी झन्-झन् विद्रोही हुन निर्णय गरेका थिए। सुरुमै पहिलो आश्चर्य कामलाई अस्वीकार गर्दा रोपिएको बिउ बाँकि कामहरूले कटानी गरेका थिए।”—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २६८।

“सूर्य र चन्द्रमाचाहिँ मिश्रीहरूले पूजा गर्ने देवताहरू थिए। कमैयाहरूलाई कष्ट दिएकाले मिश्रीहरू र तिनीहरूका भगवानहरूलाई रहस्यमय अन्धकारले हानेको थियो। यो डरलाग्दो भए तापनि परमेश्वरले मानिसहरूप्रति करुणा भएकोले तिनीहरूलाई नाश गर्न उहाँको चाहना नभएको त्यस न्यायपूर्ण प्रमाणले देखाएको थियो। अन्तिम र अत्यन्तै भयानक महामारी आउनुभन्दा अघि मानिसहरूलाई सोच्न र पश्चात्ताप गर्न उहाँले समय दिनुभएको थियो।”—*पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २७२।

## छलफलको लागि प्रश्नहरू:

१. *मेरा मानिसहरूलाई जान* देऊ भनेर गरिएको अनुरोध ठिकै भए तापनि फारोले तिनीहरूलाई जान नदिएर उनले आफ्नो हृदय कठोर पारेको बारेमा अझै सोच्नुहोस्। आफूले आफैलाई त्यसरी कसरी धोखा दिन सक्दो रहेछ? यसबाट हामीले कस्ता चेतावनीहरू पाउन सक्छौं जसले गर्दा हामीले गर्ने निर्णयहरू खतरा नहोऊन? हाम्रै अगाडि जे ठिक र सत्य छ त्यसलाई बेवास्ता गर्दै, हामी पनि गलत बाटोमा कसरी चलिरहन सक्छौं? त्यही खालका निर्णयहरू बाइबलका अरू पात्रहरूले कसरी गरे? उदाहरणमा, यहूदा इस्करियोत।

२. आफूले आफ्नै भूमि र जनताहरूलाई ल्याएका विनाशकारी विपत्तिहरू देखेपछि राजाले एक पल्ट यो घोषणा गरेका थिए, “यस पल्ट मैले पाप गरें। परमप्रभु धर्मी हुनुहुन्छ, म र मेरा प्रजा गलत रहेछौं” *(प्रस्थान ९:२७)*। त्यस समय उनले आफ्नो पापको बारेमा अचम्मलाग्दो गरेर स्वीकार गरे तापनि त्यो देखावटी मात्र थियो भनेर हामीले कसरी थाहा पाउने?

# अनौठो र मौन संसार

*लेखक:* आन्ड्यु मेकचेस्नी

सहरमा कसैले पनि कहिल्यै इसाई धर्ममा परिवर्तन गरेको थिएन, र कोकिलाका बुबा र अन्य चार परिवारहरूले सातौँ दिनको शबाथ पालन गर्ने निर्णय गर्दा सहरवासीहरू अत्यन्तै रिसाए। कोकिला ९ वर्षकी थिइन्, र उनको जीवन सधैँका लागि परिवर्तन भयो।

कोकिला सानै छँदा आमाको मृत्यु भएको थियो। उनी दक्षिणी एसियामा आफ्ना बुबा, चार दिदी-बहिनी र एक जेठा दाइसँग बस्थिन्।

बुबा एक गरिब किसान थिए। उनले शबाथ पालन गर्न थालेपछि उनलाई खेतमा काम गर्न रोकेको थियो। उनी र अरू शबाथ मान्नेहरूलाई पनि पसलहरूमा खाना किन्न मनाही गरिएको थियो।

थपमा, एक दिन सहरका नेताहरूले घोषणा गरे कि शबाथ पालन गर्नेहरूसँग कुरा गर्नेले ठूलो जरिवाना तिर्नुपर्नेछ। त्यसको फलस्वरूप, छिमेकीहरूले कोकिला र उनका परिवारसँग कुरा गर्न अस्वीकार गरे। कोकिलाले आफ्ना छिमेकीहरूसँग पनि कुरा गरेनन्। कसैले जरिवाना तिर्न चाहेका थिएन। कोकिलाका धेरै साथीहरू थिए। ती सबै उनबाट टाढा भए। यस केटीका लागि आफ्नो गाउँ अनौठो र मौन संसार थियो।

बुबाले आफ्नो विश्वास त्याग्न अस्वीकार गर्दा, छिमेकीहरू हिंस्रक भए। तिनीहरूले रिसाएर कोकिलाको घरमा आक्रमण गरे, फर्निचर, लुगाफाटा र भाँडाकुँडाहरू खोसेर सडकमा फ्याँकिदिए। तिनीहरूले उनका बुबा र भाइलाई पनि कुटे।

तैपनि एक छिमेकी त्यो अन्धकार समयमा उज्यालो भएको थियो। उनी क्रिश्चियन थिएनन्, तर उनी सहरवासीहरूले मानेको धर्ममा उनी थिएन।

उनले कोकिलाको परिवारलाई चामल किन्न मद्दत गरे। उनले कोकिलासँग कुरा गरे, र सहरका नियमहरू उल्लङ्घन गरेकोमा स्वेच्छाले उनले जरिवाना तिरे।

सात वर्षसम्म कोकिला भयानक परिस्थितिमा रहेकी थिइन्। कोकिलाको बुबासँगै शबाथ पालन गर्ने तीन परिवारले मन परिवर्तन गरे र चर्च छोडे। कोकिलाको परिवारसहित पाँच परिवारमध्ये दुईले मात्र परमेश्वरप्रतिको विश्वासी कायम राखे।

कोकिलाले कहिल्यै गुनासो गरिनन्, तर उनी धेरै रोइन्। बुबाले उनको आँसु देखे, र उनले उनलाई एड्भेन्टिष्ट बोर्डिङ स्कूल पठाउने निर्णय गरे। यो केटीको लागि त्यो स्कुल पृथ्वीमा स्वर्गजस्तै भएको थियो।

"शिक्षकहरू धेरै दयालु र मायालु थिए," कोकिलाले बताइन्। उनी आज ३९ वर्षकी छिन् र भारतको तंजावुरमा रहेको बोर्डिङ स्कूल, ई. डी. थोमस मेमोरियल उच्च माध्यमिक विद्यालयमा सचिवको रूपमा काम गर्छिन्। "शिक्षकहरूले मसँग कुरा गरे! केटाकेटीहरूले मसँग कुरा गरे! फेरि साथीहरू पाउँदा धेरै राम्रो लाग्यो," उनले थपे।

